सम्वत् २०७७ सालको ऐन नं. ७

# राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** आर्थिक वर्ष २०७७/०७८ को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न नेपाल सरकारले राष्ट्र ऋण उठाउन वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "राष्ट्र ऋण उठाउने ऐन, २०७७" रहेको छ।

(२) यो ऐन सम्वत् २०७७ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **राष्ट्र ऋण उठाउने अधिकारः** (१) आर्थिक वर्ष २०७७/०७८ को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न नेपाल सरकारले आर्थिक वर्ष २०७७/०७८ को अन्त्यमा अधिविकर्ष बापत तिर्न बाँकी रकम र अन्य तिर्न बाँकी रकममा थप रू.२,२५,००,००,००,०००।- (अक्षरेपी दुई खर्ब पच्चीस अर्ब) मा नबढ्ने गरी त्यतिसम्म रकमको राष्ट्र ऋण उठाउन सक्नेछ।

तर यसरी उठाइने राष्ट्र ऋण रकममा नेपाल सरकारले प्रचलित कानून बमोजिम लिन पाउने अधिविकर्ष रकम समावेश हुने छैन।

(२) नेपाल सरकारले आर्थिक वर्ष २०७७/०७८ सम्मको नेपाल राष्ट्र बैङ्कलाई तिर्न बाँकी अधिविकर्षलाई नेपाल सरकारले ट्रेजरी बिलमा परिणत गर्न स्वीकृति दिन सक्नेछ।

संघीय संसद सचिवालय

(३) यस दफा बमोजिम उठाइएको राष्ट्र ऋणको सावाँ ब्याज भुक्तानी गर्ने अवधि र सो ऋणको ब्याजको दर राष्ट्र ऋण ऐन, २०५९ बमोजिम हुनेछ।

जेठ ३२, २०७७ मा बसेको प्रतिनिधि सभाको बैठकले संशोधनविना पारित गरेको र असार ०८, २०७७ मा बसेको राष्ट्रिय सभाको बैठकले यो अर्थ विधेयकलाई सुझावविना फिर्ता पठाउने गरी पारित गरेको व्यहोरा नेपालको संविधानको धारा ११३ (१) बमोजिम प्रमाणित गर्दछु।

.................................

(अग्निप्रसाद सापकोटा)

सभामुख

प्रतिनिधि सभा

मितिः २०७७/०३/१०

प्रतिनिधि सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा ११३ (२) बमोजिम प्रमाणीकरण गर्दछु।

.........................

(विद्यादेवी भण्डारी)

राष्ट्रपति

मितिः २०७७/०३/१५

संघीय संसद सचिवालय